# पूर्वखोला राजपत्र

**पूर्वखोला गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः ६, पूर्वखोला, मितिः २०७९/१२/२०, संख्याः ७**


## भाग–२

### पूर्वखोला गाउँपालिका

### कार्यविधिको नाम : पूर्वखोला गाउँपालिकाको संस्थागत विद्यालय समायोजक सम्बन्धी कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः २०७९/१२/१५

**प्रस्तावनाः**

राष्ट्रिय विकासका लागि आवश्यक दक्ष, योग्य, सीप युक्त जनशक्ति उत्पादन गर्न तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न पूर्वखोला गाउँपालिकामा स्थापना भई सञ्चालन भैरहेका विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै सबै वालबालिकाहरुलाई दिइने शिक्षामा एकरुपता कायम गरी शैक्षिक गुणस्तर

अधिवृद्धि गर्न पूर्वखोला गाउँपालिका भित्र सञ्चालित संस्थागत विद्यालयहरुलाई सामुदायिक विद्यालयमा समायोजन गर्न वान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ (२) ले दिएको अधिकार तथा पूर्वखोला गाउँपालिकाको शिक्षा ऐनको दफा ३ ले दिएको अधिकार प्रयोग गरी पूर्वखोला गाउँकार्यपालिकाले संस्थागत विद्यालय समायोजन गर्न यो कार्यविधि बनाएको छ।

१) **सक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "संस्थागत विद्यालय समायोजन सम्वन्धी कार्यविधि, २०७९" हुनेछ ।

(ख) यो कार्यविधि कार्यपालिकावाट स्वीकृत भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अध्यक्ष" भन्नाले पूर्वखोला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले पूर्वखोला गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले कार्यपालिकाले वनाएको वा यस कार्यविधि वमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(घ) "संयोजक" भन्नाले समितिका संयोजक लाई सम्झनु पर्छ।

(ङ) "कार्यदल" भन्नाले यो कार्यविधि वमोजिम गठन भएको कार्यदल सम्झनु पर्छ ।

(च) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गाउँपालिकाको शिक्षा ऐन(संशोधन),२०७९ लाई सम्झनु पर्छ ।

(छ) "कार्यविधि" भन्नाले "पूर्वखोला गाउँपालिकाले वनाएको संस्थागत विद्यालय समायोजन सम्वन्धी कार्यविधि,२०७९ सम्झनु पर्छ ।

(ज) "संस्थागत विद्यालय" भन्नाले पूर्वखोला गाउँपालिका भित्र सञ्चालित निजी विद्यालय सम्झनु पर्छ ।

(झ) "संस्थागत विद्यालयका सन्चालकहरु" भन्नाले पूर्वखोला गाउँपालिकाले समायोजन गरेका संस्थागत विद्यालयका सेयरधनि एवं सन्चालकहरु सम्झनु पर्दछ ।

(ञ) "सम्पति" भन्नाले संस्थागत विद्यालयका सेयरधनि एवं सञ्चालकहरुको स्वामित्वमा रहेको विद्यालयको जग्गा, विद्यालयको भवन एंव विद्यालयले प्रयोग गरेका जिन्सी सामाग्री सम्झनु पर्छ।

(ट) "मूल्याङकन समिति" भन्नाले यस कार्यविधि वमोजिम समायोजन गरिने संस्थागत विद्यालयको सम्पति मूल्याङकन गर्न गठित समिति सम्झनु पर्छ ।

३) **यो कार्यविधि लागू हुने क्षेत्रः** यो कार्यविधि पूर्वखोला गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

४) **संस्थागत विद्यालय समायोजन सम्वन्धी ब्यवस्थाः**

१) यस गाउँपालिका क्षेत्र भित्र रहेका निजी तथा संस्थागत विद्यालयहरु सन्चालन गर्न अनुमति दिइने छैन ।

२) यस कार्यविधि लागू हुन पूर्व यस गाउँपालिका क्षेत्र भित्र सन्चालनमा रहेका निजी तथा संस्थागत विद्यालयहरु नजिकैको सामुदायीक विद्यालयमा समायोजन गरिने छ ।

५) **संस्थागत विद्यालय समायोजनका आधारहरुः संस्थागत विद्यालय समायोजनका आधारहरु देहाय वमोजिम रहेका छन्:**

१) गाउँपालिकाले शिक्षामा एकरुपता कायम गर्न लिएको नीति ।

२) शैक्षिक गुणस्तर अभिवृद्धि तथा अभिभावकको विश्वास।

३) संस्थागत विद्यालयको सहमति र सामुदायीक विद्यालयको स्वीकृती।

४) संस्थागत विद्यालयको सम्पतिको यथार्थ मूल्याङकन एवम् भूक्तानी तथा कम्पनी खारेजी ।

५) अंग्रेजी ब्लक सञ्चालन र कार्यरत शिक्षकहरुको पेशागत सुरक्षा।

६) **संस्थागत विद्यालय समायोजन प्रक्रियाः** संस्थागत विद्यालय समायोजन प्रक्रिया देहाय वमोजिम हुनेछ।

१) संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरु तथा कार्यरत शिक्षकहरु समायोजन भएको सामुदायिक विद्यालयमा स्थानान्तरण गरिने छ।

२) अर्को व्यवस्था नभए सम्मका लागि स्थानान्तरण भएका विद्यार्थीहरुलाई अंग्रेजी व्लकका रुपमामा सञ्चालन गरी अध्यापन गराइने छ।

३) मूल्याङ्कन समितिद्वारा दफा ६ बमोजिम सम्पत्ति प्राप्तिका लागि गरिएको व्यवस्था बमोजिम सञ्चालकहरुलाई भुक्तानी दिईनेछ।

४) समायोजन पश्चात संस्थागत विद्यालयहरुको कम्पनी दर्ता खारेजीका लागि सहजिकरण गरिने छ।

५) शैक्षिक गुणस्तरको नियमित अुगमन मूल्याङकन गरिने छ।

७) **संस्थागत विद्यालयको सम्पति प्राप्तीः** संस्थागत विद्यालय/सञ्चालकहरुको स्वामित्वमा रहेको सम्पति दफा ८ वमोजिम गठित मूल्याङकन समितिले गरेको मूल्याङकन अनुसार भूक्तानी गरि प्राप्त गरिने छ।

८) **मूल्याङकन समितिः** १) दफा ७ बमोजिम संस्थागत विद्यालयको सम्पत्ति प्राप्तीका लागि देहायका सदस्य रहने गरी एक मूल्याङ्कन समिति गठन गरिनेछ।

१) प्रमुख प्रशसकीय अधिकृत - संयोजक

२) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत स्तरको प्राविधिक (भवन हेर्ने) - सदस्य

३) कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकेको अधिकृत स्तरको प्रतिनिधि - सदस्य

४) मालपोत अधिकृत वा निजले तोकेको प्रतिनिधि - सदस्य

५) गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत प्राविधिक शाखा प्रमुख - सदस्य

६) गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत नापी शाखा प्रमुख - सदस्य
७) गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत लेखा शाखा प्रमुख - सदस्य
८) गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत जिन्सी शाखा प्रमुख - सदस्य
९) गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत शिक्षा अधकृत/ शाखा संयोजक - सदस्य सचिव

२) दफा ८ को उपदफा १ वमोजिम गठित समितिको वैठक सम्वन्धी कार्यविधि समिति आफैले तय गरे अनुसार हुनेछ ।

३) मूल्याङकन समितिको काम, कर्तब्य र अधिकारः मूल्याङकन समितिको काम, कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछ ।

१) संस्थागत विद्यालय समायोजन सम्बन्धमा अध्ययन गरी सम्भाव्यता अध्ययन गर्ने।
२) संस्थागत विद्यालयका सञ्चालक, शेयरधनी, अभिभावक र शिक्षकहरुसँग छलफल तथा अन्तरक्रिया गरी पृष्ठपोषण लिने।
३) समायोजनका लागि संस्थागत विद्यालय र नजिकैको सामुदायिक विद्यालय बीच सम्झदारी कायम गर्ने।
४) समायोजनको आधार तथा मापदण्ड निर्धारण गर्ने।
५) संस्थागत विद्यालयको सम्पत्ति एकिन गरी प्रचलित कानून बमोजिम मुल्याङ्कन गरी कार्यपालिकामा पेश गर्ने।

४) दफा ७ को १ वमोजिम गठित समितिको वैठकमा आवश्यकता अनुसार सरोकारवाला निकायका प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सकिने छ ।

९) **भुक्तानी प्रकृया:** दफा ८ बमोजिम मुल्याङ्कन समितिले गरेको मुल्याङ्कन प्रतिवेदन कार्यपालिकाले स्वीकृत गरी भुक्तानीका लागि निर्णय गरी दफा

१० बमोजिम स्वामित्व हस्तान्तरण भए पश्चात संस्थागत विद्यालय/ सञ्चालक/ शेयरधनीको खातामा भुक्तानी गरिनेछ।

१०) **स्वामित्व हस्तान्तरण:** दफा ९ बमोजिम भुक्तानी भएपश्चात देहाय बमोजिम स्वामित्व हस्तान्तरण गरिनेछ।

१. संस्थागत विद्यालय/सञ्चालक/शेयरधनीको स्वामित्वमा रहेको जग्गा र भवन गाउँपालिकाको नाउँमा दा.खा नामसारी गरिने छ।

२. संस्थागत विद्यालयको स्वामित्वमा रहेको जिन्सी सामान गाउँ कार्यपालिकाको कार्यालयमा आम्दानी बाँधी समायोजन भएको सामुदायिक विद्यालयलाई हस्तान्तरण गरिनेछ।

११) **शिक्षक/कर्मचारी व्यवस्थापन:** संस्थागत विद्यालयमा कार्यरत शिक्षक/ कर्मचारीहरुको व्यवस्थापन देहाय बमोजिम गरिनेछ।

१) संस्थागत विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीहरुलाई समायोजन हुने सामुदायिक विद्यालयमा निजी शिक्षकका रुपमा व्यवस्थापन गरिनेछ।

२) निजी शिक्षकका रुपमा व्यवस्थापन गरिएका शिक्षकहरुलाई गाउँपालिकाले शैक्षिक अनुदान कार्यविधी बमोजिम अनुदान उपलब्ध गराउने छ।

३) निजी शिक्षकहरुको अन्य सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१२) **वाधा अड्काउ फुकाउ अधिकार :**

१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै वाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

२) उपदफा १ बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै कार्यविधिमा उल्लेख भए सरह मानिनेछ ।

३) यस कार्यविधिको व्याख्या, संशोधन, थपघट गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

१३) बचाउ

१) यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

२) यस कार्यविधिमा उल्लेख भएका विषय कुनै संघीय वा प्रदेश कानुनसँग बाझिएको हदसम्म अमान्य हुनेछ।

३) यो कार्यविधि लागु हुनुपूर्व भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

प्रमाणिकरण मितिः २०७९/१२/२०

आज्ञाले
मान बहादुर सारु
पूर्वखोला गाउँकार्यपालिका, पाल्पा